**बैठक संख्या २/१२५**

आज मिति २०७९ असार ८ गते शुक्रबारका दिन सूर्यविनायक नगरपालिकाको १२५ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सवित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| २२. | अनिरुद्ध नेपाल | आमन्त्रित | |
| | | | |

**मिति २०७९ असार ८ गते नगर कार्यपालिका (१२५ औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. नगरसभाको ११ औं अधिवेशन समक्ष पेश गर्ने नीति तथा कार्यक्रम सम्बंन्धमा ।
२. नगरसभाको ११ औं अधिवेशन समक्ष पेश गरिने बजेट तथा कार्यक्रम सम्बन्धमा ।
३. विषयगत समितिहरुबाट पेश भएको प्रस्ताव अनुमोदन सम्बन्धमा ।
४. विविध ।

**निर्णय नं १**

संघ तथा प्रदेशबाट प्राप्त मार्गदर्शन, स्थानीय राजनीतिक दल, नागरिक समाज, संचारकर्मी एवं आम जनसमुदायबाट प्राप्त सुझाव एवं सल्लाहका आधारमा विषयगत समितिको सिफारिस सहित तयार गरिएको १२४ बुँदे नीति तथा कार्यक्रम नगरप्रमुखज्यूको तर्फबाट नगरपालिकाको नगरसभाको ११ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

नगरप्रमुखज्यूको तर्फबाट नगरसभाको एघारौं अधिवेशन समक्ष पेश गरिने ... नीति तथा कार्यक्रममा समावेश भएका सबै विषयहरुलाई सम्बोधन हुने गरि स्रोत अनुमान समिति, राजस्व परामर्श समिति, बजेट तथा योजना तर्जुमा समिति एवं अन्य विषयगत समितिहरुको सिफारिस अनुसार तयार गरिएको आगामी आ.व.को बजेट तथा कार्यक्रम उप प्रमुखज्यूको तर्फबाट नगरसभा अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

नवौं नगरसभाबाट मर्मत सभार कोष लगायत विभिन्न शिर्षकमा विनियोजित रकम मध्येबाट देहायका योजना तथा कार्यक्रका लागि देहाय अनुसारको रकम विनियोजित गर्ने निर्णय गरियो ।

| क.स. | योजना तथा कार्यक्रमको नाम | वडा नं | रकम रु. |
|---|---|---|---|
| १ | विश्व मेडिया प्रा.लि.किरण बुढाथोकी नगर अधिवेशन भिडियो निर्माण र प्रोफाईल निर्माण | | १५०००० |
| २ | नयाँ मनोरम टोल बाटो मर्मत | | ५००००० |
| ३ | न्यून २४ कार्यक्रम निर्माण | | ९९००० |
| ४ | मानव कल्याण समाज अनुदान | | ५००००० |
| ५ | क्यालेन्डर सूचना | | २०००० |
| ६ | बाटो ग्राभेल | ४ | २००००० |
| ७ | [illegible] ग्राभेल | ३ | ४००००० |
| ८ | सडक मर्मत तथा ग्राभेल | ७ | ५००००० |
| ९ | सूचना प्रशारण मेडिया | | २०००० |
| १० | खल्पीटार युवा क्लब खेलकुद | २ | २००००० |
| ११ | मदन भण्डारी स्पोर्ट्स एकेडेमी खेलकुद कार्यक्रम | | १०००००० |

**निर्णय नं ४**

यस नगरपालिका र नेपाल मेडिया टेक्नोलोजी प्रा.लि.बीच नगरपालिका क्षेत्रमा रहेका विज्ञापन वोर्ड, होर्डिगं लगायत अन्य बोर्ड, आकाशे पुल, विद्युतीय पोल लगायतका सवै प्रकारका विज्ञापन वापतको रकम उठाउनका लागि सम्झौता भई एक कार्यकालका लागि म्याद समेत थप भएकोमा उक्त म्याद २०७९ असार मसान्तसम्मको लागि कायम गरी नपाको आर्थिक ऐन,२०७९ मा तोकिएको न्यूनतम अंकमा आगामी आ.व.का लागि पुनः सूचना प्रकाशित गरेर विज्ञापन आय संकलन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ५**

माननीय विशिष्ट श्रेणीका राष्ट्रिय समाज सेवी प्रा.डा.जगदीश बैधज्यूले यस नगरपालिकाको प्रमुख सल्लाहकार भई कार्यगर्न ईच्छुक भएको भनि निवदेन पेश गरेकोले निजलाई स्वेच्छाले पद त्याग नगरेसम्मको लागि प्रमुख सल्लाहकार पदमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

सूर्यविनायक नगरपालिकामा नगर प्रमुखको सचिवालय व्यवस्थित गर्नुपर्ने भएकोले कम्प्यूटर अपरेटर (सहायक पाँचौ) तहको सेवा सुविधा प्रदान गर्ने गरी सूनपा वडा नं ९ निवासी श्रीराम ब्याञ्जुलाई नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

यस नगरपालिका अन्तर्गत रहेका ७ वटै विषयगत समिति, राजस्व परामर्श समिति, शिक्षा समिति एवं अन्य समितिहरुबाट नगर कार्यपालिकामा सिफारिस्स गरिएका विषयहरु अनुमोदन गरी नगरसभाको अधिवेशनबाट निर्णय गर्नुपर्ने विषयहरु सम्विन्धित विषयगत समितिका संयोजक मार्फत पेश गर्ने निर्णय गरियो ।